मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## फास्ट ट्र्याकको सुरुङमा कामदारको मृत्यु

हेटौंडा, १२ जेठ/काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) को भीमफेदी गाउँपालिका-८ महादेवटारमा सुरुङमा कामगर्ने क्रममा एक मजदुरको मृत्यु भएको छ । एकजना घाइते भएका छन् ।

मृत्यु हुनेमा बर्दियाका ३० वर्षीय गोपाल चौधरी हुन् । मकवानपुर थाहा नगरपालिका-५ सानोपाखाका २२ वर्षीय सन्तोष भोम्जन भने घाइते भएका छन् । सुरुङमा प्रयोग हुने फलामबाट बनेको उपकरण खसेर उनीहरु घाइते भएका थिए । दुवैलाई उपचारका निम्ति सोमबार बेलुका नै हेटौंडास्थित चुरेहिल अस्पतालमा ल्याइएको थियो । उपचारका क्रममा चौधरीको सोमबार राति ११ वजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । अर्का घाइतेको अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनास्थल इलाका प्रहरी कार्यालय ठिगनबाट ११ किलोमिटर उत्तरतर्फ पर्छ ।

'गरीखानेलाई बागमतीमै अवसर' भन्ने नारासहित ८३ बुँदामा नीति तथा कार्यक्रम प्रस्तुत

# हेटौंडालाई आधुनिक सहरको रुपमा विकास गर्ने लक्ष्य

मनिल महतो

हेटौंडा, १२ जेठ/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । मंगलबार बसेको प्रदेशसभा बैठकमा प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले ८३ बुँदामा नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन् ।

नीति तथा कार्यक्रममा सुशासन, उत्पादन, रोजगारी, सामाजिक न्याय, डिजिटल सेवा, कृषि आधुनिकीकरण, पूर्वाधार विकास, पर्यटन, स्वास्थ्य, शिक्षा र वातावरण संरक्षणलाई केन्द्रमा राखिएको प्रदेशप्रमुख देवकोटाले बताएका छन् । 'सुखी नागरिक, समृद्ध बागमती' को लक्ष्य हासिल गर्न समावेशी, उत्पादनमुखी र सुशासनयुक्त विकास मोडेललाई अघि बढाउने उनले घोषणा गरे । प्रदेशप्रमुख देवकोटाले नयाँ पुस्ताले गरेको आन्दोलन, पेट्रोलियमपदार्थको मूल्यवृद्धि र राजनीतिक संक्रमणका कारण चुनौतीपूर्ण अवस्था सिर्जना भएपनि प्रदेश सरकारले सेवाप्रवाहलाई चुस्त बनाएको उल्लेख गरेका छन् ।

नीति तथा कार्यक्रममा प्रदेश सरकारलाई थप प्रविधिमैत्री र नागरिकमैत्री बनाउने लक्ष्य सहित 'बागमती प्रदेश मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम' सञ्चालन गरिने उल्लेख गरिएको छ । सरकारी सेवाप्रवाहलाई छरितो, सरल र डिजिटल बनाइने तथा गुनासो व्यवस्थापनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा 'हेलो सीएम डेस्क' स्थापना गरिने भएको छ । प्रदेश सरकारको संरचनात्मक सुधार अन्तर्गत हाल रहेका मन्त्रालयलाई गाभेर आठ वटा मन्त्रालयको संरचना बनाइने तथा औचित्य पुष्टि हुन नसकेका संरचना खारेज गरिने नीति लिइएको छ । सार्वजनिक खर्च कटौती गर्दै परिणाममुखी बजेट कार्यान्वयनमा जोड दिइएको छ ।

प्रदेशभित्र सञ्चालित आयोजनाको 'अनलाइन ट्र्याकिङ र ट्रेसिङ प्रणाली' लागू गरिने, केन्द्रीय डाटा सर्भर प्रणालीमार्फत् अभिलेख व्यवस्थापन गरिने तथा सम्पूर्ण प्रशासनिक प्रणालीलाई क्रमश: डिजिटल बनाइने प्रदेशप्रमुख देवकोटाले बताए । उनकाअनुसार भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्दै प्रदेशस्तरीय भ्रष्टाचार नियन्त्रण कार्ययोजना लागू गरिने उल्लेख छ । प्रदेश सरकारले शान्तिसुरक्षा सुदृढीकरणका लागि प्रदेश प्रहरी, फरेन्सिक प्रयोगशाला तथा डिजिटल अपराध निगरानी प्रणाली विस्तार गर्ने भएको छ ।

सार्वजनिकस्थलमा सीसीटीभी जडान गरी डिजिटल क्राइम ट्र्याकिङ प्रणाली विकास गरिनेछ भने साइबर अपराध, लागुऔषध दुर्व्यसन र मानवबेचबिखन नियन्त्रणका लागि समुदायस्तरमा सचेतना अभियान सञ्चालन गरिने प्रदेशप्रमुख देवकोटाले बताए । विपद् व्यवस्थापनलाई प्राथमिकतामा राख्दै प्रदेश सरकारले 'विपद् पूर्वतयारीमा लगानी, जनधनको न्यून नोक्सानी' भन्ने अवधारणा सहित विपद् गोदामघर, पूर्वसूचना प्रणाली र आपतकालीन कार्यसञ्चालन केन्द्र सुदृढ गरिने भएको छ । बाढी, पहिरो, डुबान र नदीकटान प्रभावित क्षेत्रमा तटबन्ध निर्माण तथा पुनर्निर्माण कार्यक्रम सञ्चालन गरिने नीति लिइएको प्रदेशप्रमुख देवकोटाले बताए ।



आर्थिक रुपान्तरणतर्फ प्रदेश सरकारले उद्योग, व्यापार र लगानी प्रवर्द्धनका लागि एकद्वार प्रणालीमार्फत् व्यवसाय दर्ता गर्ने व्यवस्था मिलाउने भएको छ । उच्चप्रतिफल दिने तथा रोजगारी सिर्जना गर्ने ठूला आयोजना सम्पन्न गर्न पर्याप्त स्रोत सुनिश्चित गरिनेछ । महिला र युवालाई लक्षित गरी 'सीप, उद्यम र रोजगार: समृद्ध प्रदेशको आधार' कार्यक्रम सञ्चालन गरिने भएको छ । सहुलियतपूर्ण कर्जा, ब्याज अनुदान तथा स्टार्टअप इकोसिस्टम निर्माण गरी युवा उद्यमशीलतालाई प्रोत्साहन गरिने उल्लेख गरिएको छ । विद्यालय तहदेखि उद्यमशीलता शिक्षा लागू गर्ने र विश्वविद्यालय तथा निजी क्षेत्रबाट सञ्चालित इन्क्युबेसन सेन्टरलाई प्रोत्साहन गरिनेछ ।

स्थानीय कच्चापदार्थमा आधारित घरेलु तथा साना उद्योगलाई प्रोत्साहन गरिने, प्रदेशका उत्पादनको ब्रान्डिङ तथा बजारीकरण गरिने र सार्वजनिक निकायमा स्थानीय उत्पादनको प्रयोगलाई प्राथमिकता दिइने नीति सरकारले अघि सारेको छ । प्रदेश सरकारले भूमिको वैज्ञानिक उपयोग सुनिश्चित गर्न भू-उपयोग योजना कार्यान्वयन गर्ने तथा भूमिहीन, सुकुम्बासी, दलित र विपन्न परिवारका लागि कम्तिमा एक हजार सुरक्षित आवास निर्माण गर्ने घोषणा गरेको छ । चेपाङ, बोटे, माझी, थामीलगायत सीमान्तकृत समुदायका लागि एकीकृत आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

'गरिबले गरिखाने प्रदेश: बागमती प्रदेश' अवधारणासहित दलित, विपन्न, एकलमहिला र सीमान्तकृत समुदायको जीविकोपार्जनका लागि सीप विकास, प्रविधि हस्तान्तरण र बजार व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने प्रदेश प्रमुखदेवकोटाले बताए । चेपाङ समुदायको उत्थानका लागि 'चेपाङ, चिउरी, चमेरो' कार्यक्रम सञ्चालन गरिने नीति लिइएको छ । प्रदेश सरकारले र ाजधानी हेटौंडालाई बृहत्तर हेटौंडा अवधारणाअनुसार साइकल लेन, पैदलमार्ग, नदीकोरिडोर तथा सांस्कृतिक ग्रामसहित आधुनिक सहर कारुपमा विकास गर्ने भएको छ । प्रदेश सरकारको एकीकृत प्रशासनिक भवन, प्रदेशसभा भवन तथा आवास निर्माणकार्य सुरु गरिनेछ ।

कृषिक्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरणमार्फत् उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य नीति तथा कार्यक्रममा समेटिएको छ । प्रदेशलाई कृषि उपजमा आत्मनिर्भर र निर्यातमुखी बनाउने नीति लिइएको छ भने बाली तथा पशुधन बीमा कार्यक्रम विस्तार गरिनेछ । प्रदेशप्रमुख देवकोटाका अनुसार औषधीय तथा औद्योगिक प्रयोजनका लागि सुरक्षित र व्यावसायिक गाँजाखेतीलाई कानुनी व्यवस्थामार्फत् सञ्चालन गर्ने तयारी प्रदेश सरकारले गरेको छ । जिल्लागत सम्भावनाका आधारमा खाद्यान्न, फलफूल, तरकारी, पशुपन्छी तथा मत्स्यक्षेत्रको विकास गरिने कार्यक्रम समेटिएको छ ।

'प्रदेशको शान, परिश्रमी किसान' अभियानमार्फत युवालाई कृषि उद्यमशीलतामा आकर्षित गरिनेछ । कृषकलाई सहुलियतपूर्ण कर्जा, ब्याज अनुदान तथा सामूहिकखेतीमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । खानेपानी र सिँचाइतर्फ 'एकघर, एकधारा' कार्यक्रमलाई थप प्रभावकारी बनाइने तथा बहुआयामिक सिँचाइ आयोजना विस्तार गरिने भएको छ । निष्क्रिय ट्युबवेललाई सौर्य पम्पमार्फत् पुन: सञ्चालन गरिने नीति कार्यक्रममा उल्लेख छ । ऊर्जाक्षेत्रमा शतप्रतिशत घरधुरीमा भरपर्दो विद्युत सेवा पुऱ्याउने लक्ष्य राख्दै नवीकरणीय तथा वैकल्पिक ऊर्जाको प्रयोग विस्तार गरिने भएको छ ।

सडक पूर्वाधारतर्फ 'पहिले मर्मत, त्यसपछि निर्माण' नीति अवलम्बन गरिने भएको छ । नयाँ सडक ट्र्याक खोल्नेभन्दा विद्यमान सडकको मर्मत तथा स्तरोन्नतिमा प्राथमिकता दिइनेछ । *बाँकी पृष्ठ-३.....*




# चित्लाङ-थानकोट सडक १४ दिन बन्द हुने

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ हेटौंडा-काठमाडौं जोड्ने छोटो दूरीको चित्लाङ-थानकोट मार्गमा निर्माण तथा सुधारका क्रममा सवारी आवागमन बन्द गरिने भएको छ ।

यो सडक खण्डमा यही जेठ १७ गतेदेखि ३० गतेसम्म १४ दिन सवारी आवागमन बन्द गरेर निर्माणकार्य अगाडि बढाउन लागिएको हो । सडक डिभिजन काठमाडौंमार्फत दुईवटा निर्माण कम्पनीले सडक ढलान, कालोपत्र र टेवा पर्खाल निर्माणलगायतका कार्य गर्ने भएका छन् । थानकोट-चित्लाङ सडक निर्माण तथा सुधारकार्य भइरहेकोमा यो सडक खण्डको भौगोलिक अवस्थाका कारण गुडिरहेका सवारी साधनले निर्माणकार्यमा अवरोध पुग्ने र दुर्घटनाको जोखिमसमेत बढ्ने देखिएकाले सवारी आवागमन पूर्णरुपमा बन्द गरेर काम गर्न लागिएको सडक डिभिजन काठमाडौंले जनाएको छ ।




सडक डिभिजन काठमाडौंका इन्जिनियर पुरुषोत्तम भण्डारीका अनुसार चित्लाङ-थानकोट सडकको १८ किलोमिटरमध्ये नौ किलोमिटर सडक सुधार हुन बाँकी छ । त्यसमध्ये दुईवटा निर्माण कम्पनीमार्फत् कालोपत्रे र ढलान गरी करिब साढे सात किलोमिटर सडक खण्डमा काम हुने जानकारी उनले दिए । टेवा पर्खाल निर्माण, कालोपत्रे र ढलान हुने भागमध्ये मकवानपुरतर्फ करिब १९ सय मिटर र बाँकी काठमाडौंतर्फ काम हुनेछ । निर्माण कम्पनी तामाङ कन्स्ट्रक्सन प्रालि, काठमाडौंमार्फत् तीन-चार स्थानमा टेवा पर्खाल निर्माण र १२ सय मिटर ढलान गरिने इन्जिनियर भण्डारीले बताए ।

हाल बजारमा बिटुमिनको अभाव रहेको र उपलब्ध हुनासाथ कालोपत्र गर्ने योजना रहेको उनको भनाइ छ । अर्को कम्पनीले ढलान र कालोपत्रेको ठेक्का पाएकोमा बिटुमिनकै अभावका कारण काम सुरुहुन नसकेको बताइएको छ । ठेक्काको सम्झौताअवधि आगामी मङ्सिरसम्म रहेकाले अलकत्रा उपलब्ध हुनासाथ काम सुरु गरिने उनले बताए । इन्जिनियर भण्डारीका अनुसार सडकको मकवानपुरतर्फको अधिकांश भागमा कालोपत्रलगायतका काम भइसकेका छन् ।

सडक निर्माण तथा सुधारका क्रममा काठमाडौंको पानीघट्टदेखि चित्लाङ बजारसम्मको सडक खण्ड पूर्णरुपमा बन्द हुनेछ । यो अवधिमा सवारी आवागमनका लागि वैकल्पिक बाटो प्रयोग गर्ने गरी आवश्यक सहजीकरण गरिदिन थाहा नगरपालिका र चन्द्रागिरि नगर पालिकालाई सडक डिभिजन काठमाडौंले अनुरोध गरेको छ ।



साझाकुरा

## हाम्रो कुरा

# असारकेन्द्रित खर्च संस्कृतिको अन्त्य कहिले ?

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजित बजेटमध्ये वैशाख मसान्तसम्म जम्मा ३४ दशमलब ०६ प्रतिशत मात्रै खर्च गर्न सकेको तथ्यांक सार्वजनिक हुँदा प्रदेशको वित्तीय अनुशासन र विकास कार्यान्वयन क्षमतामाथि गम्भीर प्रश्न खडा भएको छ । कुल ६७ अर्ब ४७ करोडभन्दा बढी बजेटमध्ये करिब २२ अर्ब ९८ करोड रुपैयाँ मात्रै खर्च हुनु सामान्य कमजोरी होइन, यो वर्षौंदेखि दोहोरिँदै आएको संरचनागत समस्याको निरन्तरता हो । आर्थिक वर्ष समाप्त हुन दुई महिना मात्रै बाँकी रहँदा बाँकी ६६ प्रतिशत बजेट खर्च गर्नुपर्ने दबाबले फेरि पनि 'असारे विकास: बजेटमारा शैली' दोहोरिने संकेत देखिन्छ । यो अवस्थाले झनै चिन्ताजनक रुप लिन्छ, जब विकाससँग प्रत्यक्ष जोडिएको पुँजीगतखर्चको अवस्था हेर्दा तस्वीर अझै फितलो देखिन्छ । चालु आर्थिक वर्षमा विनियोजित ४१ अर्ब ५४ करोड रुपैयाँ पुँजीगत बजेटमध्ये २८ दशमलब ५९ प्रतिशत मात्रै खर्च हुनु भनेको प्रदेशको विकास गति कागजमै सीमित हुनु हो । सडक, पुल, विद्यालय, अस्पताल, खानेपानीजस्ता आधारभूत पूर्वाधार समयमै सम्पन्न नहुनु केवल ढिलासुस्ती मात्र होइन, जनताको अपेक्षामाथि कुठाराघात हो ।

नेपालको बजेट कार्यान्वयन संस्कृतिमा असार मसान्त एउटा 'विकृत मानसिकता' जस्तै बनेको छ । वर्षभरि योजना छनोट, ठेक्का प्रक्रिया, निर्णय र अनुगमनमा ढिलाइ हुने अनि अन्तिम दुई महिनामा हतार-हतार बजेट खर्च गरिने परिपाटीले न त गुणस्तर सुनिश्चित गर्छ, न त दीर्घकालीन लाभ दिन्छ । असारमा हतारिएको खर्चले निर्माण सामग्रीको गुणस्तरमा सम्झौता, मूल्य बढाएर बिल पास गर्ने प्रवृत्ति, काम अधुरै छाडेर भुक्तानी गर्ने विकृति जन्माएको यथार्थ सर्वविदित छ । यस समस्याको जड प्रशासनिक र राजनीतिक दुवै तहमा छ । राजनीतिक नेतृत्वले बजेटलाई विकासभन्दा पनि शक्ति सन्तुलन र लोकप्रियताको उपकरणकारुपमा प्रयोग गर्ने प्रवृत्ति त्यत्तिकै जिम्मेवार छ । योजना तर्जुमा गर्दा व्यवहारिकता भन्दा पनि क्षेत्रगत दबाब, कार्यान्वयन क्षमता नहेरी बजेट बाँडफाँड, कर्मचारी सरुवा-बढुवामा अस्थिरताले कामको निरन्तरता भङ्ग हुने अवस्था देखिन्छ । त्यसमाथि सार्वजनिक खरिद ऐन-नियमको जटिलता र ढिलाइलाई बहानाको रुपमा प्रयोग गर्दै समयमै टेन्डरप्रक्रिया अघि नबढाउनु अर्को स्थायी समस्या बनेको छ । प्रदेश सरकार स्थापना भएको ८ वर्ष बितिसक्दा पनि 'संघीयता अभ्यासकै क्रममा छ' भन्ने बहाना अब स्वीकार्य हुन छोडेको छ । संघीय संरचनाको मर्म भनेकै छिटो निर्णय, स्थानीय आवश्यकताअनुसार योजना र प्रभावकारी कार्यान्वयन हो । तर, जब प्रदेश सरकार नै खर्चगर्न नसक्ने, योजना सम्पन्न गर्न नसक्ने अवस्थामा देखिन्छन्, तब संघीयताको प्रभावकारितामाथि नै प्रश्न उठ्नु स्वाभाविक हो । समाधानका लागि पहिलो आवश्यकता भनेकै वार्षिक खर्च लक्ष्यलाई त्रैमासिक र मासिकरुपमा स्पष्ट बाँडेर कडाइकासाथ कार्यान्वयन गर्नु हो । बजेट पास भएसँगै ठेक्का प्रक्रिया सुरु गर्ने, बहुवर्षीय योजनालाई प्राथमिकता दिने, प्रगति कमजोर भएका आयोजना समयमै पुनर्संरचना गर्ने अभ्यास आवश्यक छ ।

जेठ असारमा अस्वाभाविक रुपमा बढ्ने खर्चमाथि विशेष लेखापरीक्षण र अनुगमन अनिवार्य गरिनुपर्छ । राजनीतिक नेतृत्वले पनि बजेटखर्चको मात्रा होइन, गुणस्तर र प्रभावलाई मूल्यांकनको आधार बनाउनुपर्ने थियो । समयमै योजना सम्पन्न गर्ने मन्त्रालय, कार्यालय र कर्मचारीलाई प्रोत्साहन र ढिलाइ गर्नेलाई जवाफदेही बनाउने संस्कार विकास नगरी सुधार सम्भव छैन । विकास बजेट भनेको खर्च गर्नुपर्ने बाध्यता होइन, जनताको जीवनस्तर उकास्ने माध्यम हो भन्ने बुझाइ व्यवहारमा उतारिनुपर्छ । असार मसान्तको 'बजेटमारा शैली' कुनै एक सरकार वा वर्षको समस्या होइन, यो हाम्रो सार्वजनिक वित्त व्यवस्थापनको दीर्घरोग हो । यसको उपचार दीर्घकालीन सुधार, राजनीतिक इच्छाशक्ति र प्रशासनिक व्यावसायिकताबाट मात्र सम्भव छ । नत्र हरेक वर्ष उस्तै तथ्यांक, उस्तै टिप्पणी र उस्तै निराशा दोहोरिँदै जानेछ, विकास सधैंजसो कागजमै सीमित रहनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ १४ गते बिहीबार २६ मे २०२६ । द्वादशी, जेठ शुक्लपक्ष । अनलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:११ सूर्यास्त ६:५२। बकर ईद । विश्व महिला स्वास्थ्य दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सञ्चित धन खर्च हुनेछ | तुला | : सहमतिका कार्यहरु हुनेछन् |
| वृष | : आफन्तले कुरा काट्नेछन् | वृश्चिक | : नयाँ कार्य सम्पन्न हुनेछ |
| मिथुन | : आत्मविश्वास बढ्नेछ | धनु | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| कर्कट | : आफन्तको सहयोग मिल्नेछ | मकर | : सन्तानबाट सन्तोष मिल्नेछ |
| सिंह | : मान, प्रतिष्ठा बढ्नेछ | कुम्भ | : विवाद पर्न सक्नेछ |
| कन्या | : कार्यमा सफलता मिल्नेछ | मीन | : दाम्पत्य सुख मिल्नेछ |

# अभिभावक शिक्षामा जोड्नै पर्ने विषयहरुमा संक्षिप्त चर्चा



✍रमेश प्रसाद लामिछाने
हेटौंडा, मकवानपुर

शिक्षामा नागरिक शिक्षालाई मानविय मूल्य र मान्यता संग जोडेर चर्चा गरिएको छ । परप्परागत संस्कारका सन्दर्भहरुलाई पनि बहसमा तान्ने प्रयत्न भै रहेको छ । इतिहासका विरतापूर्ण गाथाहरु, पौराणिक ग्रन्थहरुका अति प्राचिन श्रुति स्मृतिमा आधारित रोचक घटनाक्रमहरुसँगै धार्मिक संस्कारजन्य पक्षहरु र मानव सभ्यताको बिकासक्रमसँग जोडिएका सामाजिक शिक्षाका विषयवस्तुहरुको ज्ञानलाई शिक्षाको महत्वपूर्ण खण्ड स्विकार गरिएको छ ।

हाम्रा समाजका परम्परागत मूल्य मान्यताहरु र रीतिरिवाज तथा संस्कारहरु मौलिक पहिचानका विषय हुन् । यी कुराहरु मेटिएको स्थितिमा हाम्रो चिनारी नै संकटमा पर्न सक्छ । मानिसलाई जनावरबाट भिन्न पहिचान बनाउने तत्व भनेकै शिक्षा हो । शिक्षा अन्तर्गत ज्ञान र सीप पर्दछन् । शिक्षाले नै कुन काम ठीक हो र कुन काम बेठीक हो भन्ने स्पष्ट बनाउँछ । पालना गर्ने वा ब्यवहारमा ल्याउने काम त ब्यक्तिमा निर्भर गर्दछ । मानव जीवनका प्रत्येक घटना र क्रियाकलापहरुलाई हेर्ने, बुझ्ने र ग्रहणगर्ने सीपको श्रोत नै शिक्षा हो भन्दा अत्युक्ति नहोला ।

तसर्थ कुनैपनि मान्छे शिक्षित हुनैपर्छ । यहाँ शिक्षित भन्नाले शिक्षण संस्थाहरुले प्रदान गर्ने सर्टिफिकेट प्राप्त ब्यक्तिमात्र हैनन् भन्नेमा स्पष्ट बन्नु पर्दछ । शिक्षालाई संकुचित अर्थमा हैन, ब्यापककोणबाट बुझ्न जरुरी छ ।

वर्तमान समाज आधुनिक प्रविधिसंग जोडिएको छ । अधिकतम सुबिधा र उपलब्धिका लागि मान्छे दौडिरहेको छ । पैसा र पद प्राप्तीका लागि तीब्र प्रतिस्पर्धा चलिरहेको छ । ज्ञान र सीप गौण बनेका छन् । पैसाका लागि मानविय मूल्य मान्यता र इमान्दारिताका पक्षहरु निरिह बनेका छन् । सामाजिक अपराधको चरित्र फेरिएको छ ।

बिकृति र बिसंगतिसँगै अराजकता मौलाएको छ । पद प्राप्तीका लागि सबैखाले हर्कतहरु सामान्य भएका छन् । पदले उपयुक्त पात्र खोज्नुपर्नेमा ब्यक्तिहरु रुपैयाँ बोकेर पद खरिदका लागि लिलाम बढाबढमा प्रतिस्पर्धा गरिरहेका छन् । कलिला बालबालिकाहरुमा अन्यौलता देखिन्छ । उनीहरु भ्रमका शिकार बनिरहेका छन् । पढ्ने भनेको त पैसा कमाउन रहेछ भन्ने बुझेका छन् । पैसा भए पछि अरु त सबै स्वत आईहाल्छ भन्ने बुझाईले ग्रसित भएका छन् । अनि पैसा कमाउन यहाँ बसेर हुँदैन । यहाँको पढाई कामै छैन । नेपालमा त रोजगारी नै भेटिन्न । यहाँको जागिरले त दैनिक खर्च चलाउनै सकिन्न । पैसा कमाउन र जीवनलाई सहज बनाउन त बिदेश नै जानैपर्छ भन्ने मान्यताले जरा गाडेको छ । यस्ता भ्रमहरुबाट ग्रसित वर्तमान युवापंक्तिका लागि नागरिक शिक्षा अनिवार्य साबित भएको छ ।

काँचो माटोबाट मात्र माटोका विभिन्न आकार प्रकारका भाँडा बनाइन्छ । पाकेका माटोका भाँडाहरुबाट बनिसके पश्चात् अर्को आकारको भाँडो सम्भव छैन । बाँसका कलिला मुनालाई मात्र चाहेको मोहडातर्फ झुकाउन सहज हुन्छ । छिप्पिएको बाँस हाम्रो चाहना अनुशार नुहिने स्थिति हुँदैन । त्यस्तै वर्तमानका बालबालिकाका लागि कस्ता विषयवस्तुका ज्ञान र सीप जरुरी पर्छ भन्ने निर्क्योल अभिभावकको जिम्मेवारी हो ।

हाम्रो आवश्यकताका विषयहरु के के हुन् र बालबालिकाका रुचीका क्षेत्रहरुसँग यी आवश्यकताको मेल कसरी गराउने भन्नेमा आजका अभिभावकको चिन्ता हुनुपर्छ । केटाकेटीहरु पढ्दैनन् मात्र मोबाईलमा झुण्डिरहन्छन् भन्दैमा जिम्मेवारी पूरा हुँदैन । पारिवारिक संस्कार नै जानेनन् । आफन्त नातागोता आदर सम्मान केहि थाहा छैन । बालबालिकाका खाने, लाउने, बोल्ने, हिड्ने, पढ्ने जस्ता क्रियाकलापहरुमा नकारात्मक टिप्पणी अधिक सुनिन्छ । सुधारका पक्षमा अभिभावकलाई चिन्तन गर्ने फुर्सद नै छैन । आफ्ना सन्तानका लागि एक दिनमा एक घण्टा समय दिन नसक्ने अभिभावकहरु शिक्षकहरुलाई गुनासो गरिहेका हुन्छन् । आपसमा आफ्नै सन्ततीका गफ गरेर समय बिताउने पनि धेरै छन् । उपयुक्त समयमा र विषयमा प्रोत्साहनका बदलामा गाली र असान्दर्भिक सामुकुराहरुबाट बालबालिकाका मष्तिस्कमा स्वभाविक नकारात्मक चरित्र उत्पन्न गर्दछ । दण्ड दिनुपर्ने वा सुधार गर्नैपर्ने बेलामा वास्तै नगर्ने र अझ ढाकछोप गरेर आफ्ना केटाकेटीको पक्षमा वकालत गर्ने अनि बिग्रिसकेपछिको पश्चातापले थप बिकराल भएका उदाहरण हाम्रो समाजमा पर्याप्त भेटिन्छन् ।

शिक्षा दिने काम त शिक्षण संस्थाहरुको मात्र हो भन्ने मनोविज्ञान अर्को समस्या हो । हरेक बच्चाको पहिलो स्कूल आफ्नै घर हो भनेर सबैले भन्ने गरेका छन् । घरबाट शिक्षा प्रारम्भ हुने भनेको केटाकेटीका आमा, बुबा, हजुरबा, हजुरआमा, दाजु, दिदी, काका, काकी, ठूलोबा, ठूलोआमा लगायतकाबाट सिक्ने कुराहरु पर्दछन् । यदि संयुक्त परिवार छैन भने आमा र बुबा नै निर्णायक मानिन्छन् । बच्चालाई खान, बोल्न, हिंड्न, खेल्न सिकाउने बेलामा बिहान उठेपछि हतारमा आमा बुबाले शिशु स्याहार केन्द्रमा पठाएर आफु जागिर वा ब्यवसायमा जान आतुर गर्ने हाम्रो समाजमा समस्या उत्पन्न हुनु स्वभाविक भन्नैपर्दछ ।

बिस्तारै बच्चा हुर्किदैं जाँदा संगत र वातावरणले उनीहरुको सिकाईमा प्रभाव पर्दछ । अर्कोतर्फ, हामी संस्कारका कुरा गर्छौं, बानी आचरण र बोलीचालीका कुरा गर्छौं जुन हाम्रो पारिवारिक परिवेश भन्दा भिन्न बनिसक्को हुन्छ । उठबस, घुलमिल, बोलचाल, खानपिन, खेलसंगीका बातावरणले आमा बुबासंग उनीहरुको दूरी बिस्तारै बढिसकेको हुन्छ । हामी भने संस्कार नै जान्दैन भन्छौं । परिवारका ब्यक्तिहरु, नातागोता तथा आफन्तीहरुसँग भेटाउने चिनाउने फुर्सद हामीसँग हुँदैंन । अनि उनीहरुलाई सम्मान गरेन भनेर उल्टै गाली गर्छौं । धार्मिक संस्कारका कुराहरु, परम्पराका विषयहरु, मान मर्यादाका सबालहरुमा आफ्ना केटाकेटीहरु संग बसेर थोरै कुरा गर्नुको सट्टा अन्यत्र नै ब्यस्त देखिने स्वभाव तर्फ हामीले विश्लेषण गर्नुपर्दैन ? केटाकेटीका सामुन्ने बसेर हामीले गरेका कुराहरु उनीहरुले चाँडै नक्कल गर्छन् ।

परिवारका अन्य सदस्यहरुका बारेमा अनि स्कूलका शिक्षकहरुका बारेमा संगै छिमेकी एवम् समुदायका विभिन्न तह र तप्काका व्यक्तिहरुका सम्वन्धमा हामीले गरेका टिप्पणी र नकारात्मक कुराहरुको सिधा प्रभाव उनीहरुका कलिला दिमागमा परिरहेको हुन्छ । त्यस्तै ठूला मान्छेहरुले खाईरहेको वस्तुको स्वाद लिने उनीहरुमा तिब्र ईच्छा रहन्छ नै । त्यहि सिको गरेर सुर्ती खाने, धुम्रपान गर्ने, अन्य नशालु पदार्थको सेवन गर्ने लत ठूलाकै प्रभाव र दबावमा फैलिरहेको हुन्छ ।

अन्तमा, एक नागरिकले न्यूनतम पनि सिक्नैपर्ने समाज विज्ञानका विषयहरु र गणितका आधारभूत सीपहरुलाई नागरिक शिक्षा भनिन्छ । मानवीय आचरण, बानी, ब्यवहार, कला, संस्कृती, सदाचार, सत्ब्यवहार, नैतिक शिक्षाका विषय हुन् । यद्यपि, धार्मिक र पौराणिक ब्याख्यालाई नैतिक शिक्षाका अंग मानिएको पाईन्छ । उल्लेखित सबै प्रसंग र सन्दर्भहरु अभिभावक शिक्षाका शीर्षकहरु बन्न सक्छन् । यो नितान्त अनौपचारिक शिक्षा अन्तर्गत पर्ने आम बुझाई रहेको छ । आफू बसेको र बाँचेको भूगोल, यहाँको हावापानी, बातावरण, जीवजन्तु र वनस्पतीसँगै प्राकृतिक सम्पदा सम्वन्धी ज्ञान ऐच्छिक विषय हुनै सक्दैनन् । आफ्नो मुलुकको आर्थिक राजनीतिक प्रणाली, बिकास निर्माणका पक्षहरु, सामाजिक संरचना, संविधान, ऐन नियम, कानून लगायतका विषयहरु सामाजिक शिक्षा अन्तर्गत पर्दछन् ।

यसै सन्दर्भमा पाठ्यक्रम बिकास केन्द्रले विद्यालय तहमा नागरिक शिक्षालाई जोड्ने र सो को तयारीबारे चासो बढाउनुलाई सकारात्मक मान्नु पर्दछ । ऐच्छिक विषयका अतिरिक्त कक्षा ११ र १२ मा सामाजिक अध्ययन विषय लागु गरिएको छ । यी औपचारिक शिक्षाका पक्षहरु हुन् । हुन त, आजका विद्यार्थीहरु नै भोलिका अभिभावक बन्नेछन् । यस आलेख मार्फत अभिभावक शिक्षा र यस्का विषयवस्तुहरु शिक्षा सम्बद्ध सरकारी तथा गैरसरकारी संस्थाहरुलाई बहसका लागि आकर्षित गर्ने अभिप्रायसँग जोडिएको छ । अभिभावक शिक्षालाई खासगरि स्थानिय तहबाट अनिवार्य कार्यान्वयनमा लैजानु पर्दछ भने प्रदेश तथा संघीय सरकारका तर्फबाट प्राथमिकताका साथ सम्वोधन गरिनुपर्दछ ।

# कम दरको भ्याटबाट गरिबभन्दा धनीलाई बढी लाभ

**अन्तर्राष्ट्रिय जगतमा मूल्य अभिवृद्धि करलाई केवल राजस्व परिचालनको स्रोतको रूपमा मात्र प्रयोग गरिनुपर्दछ र त्यसको लागि यस करलाई विस्तृत आधारमा एकल दरले लागू गर्नुपर्दछ भन्ने सहमति कायम भएको छ ।**



✍डा. रूप खड्का

२०५०/५१ सालतिर मूल्य अभिवृद्धि कर कानूनको पहिलो मस्यौदा तयार भएपछि विभिन्न सरोकारवालासँग विस्तृत परामर्श तथा छलफल गरिएको थियो । त्यस क्रममा त्यसताकाका नेपाली कांग्रेस तथा नेकपा एमाले लगायतका प्रमुख राजनीतिक दलहरूसँग पनि दलगत रूपमा छुट्टाछुट्टै छलफल गरिएको थियो । ती छलफलहरूमा मूल्य अभिवृद्धि करका विभिन्न पक्षका साथै करको दर तथा छुटको संरचनाबाट करको समानतामा पर्न सक्ने असरका बारेमा पनि विस्तृत रूपमा छलफल भएको थियो ।

नेकपा एमालेसँग गरिएको छलफलका क्रममा वरिष्ठ अर्थशास्त्री डा. डिल्लीराज खनालले मूल्य अभिवृद्धि करको एकल दर सामाजिक न्यायका दृष्टिले कत्तिको उपयुक्त हुन्छ भन्ने प्रश्न उठाउनुभएको थियो । त्यसक्रममा यो कर एकल दरमा लगाउने कि बहुदरमा, बहुदरले वास्तवमै कर प्रणालीलाई बढी समान बनाउन सक्छ कि सक्दैन तथा अन्तर्राष्ट्रिय अभ्यास के कस्ता छन् भन्ने विषयमा व्यापक छलफल भएको थियो । मूल्य अभिवृद्धि कर लागू भएका धेरै मुलुकमा पनि यो कर लगाउने ताका यस्तै बहस हुने गरेको पाइन्छ, यद्यपि नीति निर्णय भएपछि यो विषय सामान्यत: दीर्घकालीन रूपमा टुंगिने गर्दछ ।

मूल्य अभिवृद्धि कर एकल दरले लगाएको खण्डमा यो कर उपभोक्ताको आयस्तरको पर्वाह नगरी धनी-गरीब सबैको उपभोगमा समान रूपमा लाग्ने भएकोले प्रथम दृष्टिमा यो कर असमान कर जस्तो देखिन्छ । यस्तो कर अन्तर्गत न्यून आय भएका परिवारहरूले आफ्नो आयको ठूलो हिस्सा उपभोगमा खर्च गर्ने भएकाले उनीहरूले उच्च आय समूहको तुलनामा तुलनात्मक रूपमा बढी करभार वहन गर्नुपर्छ ।

यसै कारणले न्यून आय वर्गले उपभोग गर्ने आवश्यक वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर छुट दिनुपर्छ वा न्यून दर लगाउनुपर्छ भन्ने तर्क गरिन्छ । तर व्यवहारमा यस्ता उपायहरूको लाभ गरिब वर्गमा मात्र सीमित हुँदैन । आवश्यक वस्तुमा मूल्य अभिवृद्धि कर कम दरले लगाउँदा त्यसबाट कतिपय अवस्थामा गरीबले जस्तै धनीले लाभ लिने मात्र नभई गरीबको तुलनामा धनीले अझ बढी लाभ लिन सक्छ ।

उदाहरणका लागि, यदि सूती कपडा गरीबले बढी प्रयोग गर्छन् भन्ने आधारमा रेशमी कपडाभन्दा सूती कपडामा मूल्य अभिवृद्धि कर कम दरले लगाइयो भने कतिपय अवस्थामा गरीब परिवारले वर्षमा केही मात्र सूती कमिज खरीद गर्न सक्ने र धनी परिवारले दर्जनौं कमिज खरीद गर्न सक्ने भएकोले यस्तो अवस्थामा गरीबलाई राहत दिने उद्देश्यले लगाइएको कम दरको लाभ वास्तविक रूपमा धनी वर्गलाई बढी पुग्न सक्छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा विभिन्न मुलुकमा गरिएको अध्ययनले पनि यस्तै निष्कर्ष निकालेको थियो । केही अफ्रिकी मुलुकहरूमा गरीबमाथि मूल्य अभिवृद्धि करको भार कम गर्न पाउरोटी जस्ता आवश्यक वस्तुमा यस करको न्यून दर लागू गरिएको थियो । तर यस्ता वस्तुहरू न्यून आय वर्गले मात्र नभई मध्यम र धनी वर्गका साथै तारे होटलमा वस्ने स्वदेशी तथा विदेशी धनीहरूले बढी उपभोग गर्ने भएकोले न्यून आय वर्गलाई राहत दिनको लागि आवश्यक प्रकृतिका वस्तुमा लगाइएको मूल्य अभिवृद्धि करको न्यून दरबाट व्यवहारमा गरीबलाई भन्दा धनीलाई बढी लाभ पुगेको निचोड निकालेको थियो ।

यसरी व्यवहारमा मूल्य अभिवृद्धि कर छुट तथा न्यून दरको लाभ धनी गरीब सबै प्रकारका उपभोक्ताले प्राप्त गर्ने मात्र नभई ठूलो परिमाणमा उपभोग गर्ने धनीहरूले अझ बढी लाभ पाउन सक्ने भएकाले मूल्य अभिवृद्धि कर छुट तथा न्यून दर गरीबलाई लक्षित राहत उपलब्ध गराउने प्रभावकारी साधन होइनन् भन्ने विषयमा अर्थशास्त्री तथा कर नीति सुधारकर्ताहरू बीच सहमति कायम भएको छ । त्यसैले धेरै विशेषज्ञले विस्तृत आधारमा एकल दरको मूल्य अभिवृद्धि कर लागू गर्नुपर्ने र त्यसबाट संकलित राजस्वलाई लक्षित सार्वजनिक खर्च तथा सामाजिक सुरक्षा कार्यक्रम मार्फत कमजोर, असहाय तथा न्यून आय समूहमा केन्द्रित गर्नुपर्ने धारणा अघि सारेका छन् ।

यही मान्यताका आधारमा अन्तर्राष्ट्रिय जगतमा मूल्य अभिवृद्धि करलाई केवल राजस्व परिचालनको स्रोतको रूपमा मात्र प्रयोग गरिनुपर्दछ र त्यसको लागि यस करलाई विस्तृत आधारमा एकल दरले लागू गर्नुपर्दछ भन्ने सहमति कायम भएको छ । त्यस अनुसार विश्वमा सफलतासाथ लागू भएका र नमूनाको रूपमा रहेका न्यूजिल्याण्ड, सिंगापुर, अष्ट्रेलिया, क्यानडा, दक्षिण अफ्रिका, रुवाण्डा लगायत विभिन्न देशमा यस करलाई एकल दरले लगाइएको छ ।

यस्तै प्रवृत्ति पछिल्ला वर्षहरूमा मूल्य अविभृद्धि कर लागू गरेका देशहरूमा पनि देखिन्छ । उदाहरणका लागि हालैका वर्षहरूमा मूल्य अभिवृद्धि कर लगाउने साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, ओमान, बहराइन जस्ता देशले एकल दर अपनाएका छन् भने आगामी दिनमा मूल्य अभिवृद्धि कर लगाउन तयारी गरिरहेका लाइबेरिया, यमन लगायत देशहरूले यस करलाई एकल दरले लगाउने निर्णय गरेका छन् ।

हो, केही देशहरूले विगतमा राजनीतिक, प्रशासनिक वा संक्रमणकालीन कारणले मूल्य अभिवृद्धि कर बहुदरले नलगाएका होइनन् र केही देशमा त्यस्ता दरले हालसम्मै निरन्तरता पाइरहेका छन् । उदाहरणका लागि भारतमा सन् १९७८ देखि झण्डै चारदशकसम्म केन्द्र, राज्य तथा स्थानीय तहमा लागू भइरहेका विभिन्न अप्रत्यक्ष करको सट्टा विस्तृत आधारमा एकल दरले मूल्य अभिवृद्धि कर लगाउने भनेर लामो समयसम्म विस्तृत गृहकार्य गरिएको भए पनि अन्तत: संघ र प्रदेश सरकारका अर्थमन्त्री रहेको संवैधानिक जीएसटी काउन्सिलमा एकल दर लगाउन सहमति नजुटेपछि बहुदर लगाइएको थियो ।

तर बहुदरका कारण यो कर जटिल हुनुका साथै त्यसबाट अनेक आर्थिक विकृति उत्पन्न भएकाले सेप्टेम्बर २०२५ मा यस करलाई सुधार्ने क्रममा विभिन्न दरको सट्टा दुई दर कायम गरिएको थियो र त्यसबाट कर प्रणाली सरल हुनका साथै अर्थतन्त्रमा सकारात्मक असर परेको थियो । अब मूल्य अभिवृद्धि करलाई थप सुधार गर्ने क्रममा भारतमा दुई तीन वर्षमा दुई दरको सट्टा एकल दर कायम हुने अपेक्षा गरिएको छ ।

अर्कोतर्फ यूरोपमा विभिन्न मुलुकमा मूल्य अभिवृद्धि करको दर २० प्रतिशतभन्दा बढी भएकोले समानताका हिसाबले नभई केही मेरिट वस्तु तथा सेवामा करको भार कम गर्न न्यून दर लागू गरिएको पाइन्छ । कुनै मुलुकमा मूल्य अभिवृद्धि करले प्रतिस्थापन गरेका विभिन्न करमा विगतमा धेरै दर भएकोले एकैपटक मूल्य अभिवृद्धि करको एकल दर लागू गर्न गाह्रो भएकोले बहुदर लगाएको थियो र ती देशहरूमा पनि दरको संख्या विस्तारै घटाएर अन्त्यमा एकल दर कायम गर्ने प्रयास भइरहेका छन् ।

यिनै कारणले गर्दा नेपालले झण्डै तीनदशक अघि मूल्य अभिवृद्धि कर लगाउने तयारी गर्ने क्रममा राजनीतिक दल, निजी क्षेत्र तथा अन्य सरोकारवालासँग व्यापक परामर्श गरी मूल्य अभिवृद्धि कर एकल दरले लगाएको थियो र विगत झण्डै तीन दशकमा गठन भएका विभिन्न सरकारले त्यसलाई निरन्तरता दिंदै आएका छन् । साथै, मूल्य अभिवृद्धि करको मर्म र अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा आगामी दिनमा पनि एकल दरलाई निरन्तरता दिइरहनुपर्दछ ।

मूल्य अभिवृद्धि करलाई समानताको हिसाबले नभई वर्तमान अवस्थामा बजारमा माग बढाएर अर्थतन्त्र चलायमान बनाउन र आशा र विश्वासको वातावरण सिर्जना गर्नका लागि भन्सार महसुल र अन्त:शुल्कका साथै मूल्य अभिवृद्धि करको दर पनि घटाउन आवश्यक भएमा यस करको दर केही समयका लागि १० प्रतिसम्म झार्न उपयुक्त हुनेछ ।

यस सन्दर्भमा अर्को विचारणीय पक्ष हाल सार्वजनिक वित्त शास्त्रमा कुनै मुलुकको कर प्रणाली समान छ/छैन भनेर कुनै एक करलाई नभई समग्र कर तथा सार्वजनिक खर्च प्रणालीको सन्दर्भमा हेरिनुपर्दछ भन्ने मान्यता हो । त्यसैगरी, पुनर्वितरणका उद्देश्यहरू मूल्य अभिवृद्धि कर जस्ता अप्रत्यक्ष करको दरभन्दा लक्षित सार्वजनिक खर्च कार्यक्रम मार्फत बढी प्रभावकारी रूपमा हासिल गर्न सकिन्छ भन्ने कुरालाई पनि बिर्सनुहुँदैन ।

मूल्य अभिवृद्धि करको फराकिलो कराधार र स्थिर एकल दरले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न, पिछडिएका वर्गलाई लक्षित सहायता उपलब्ध गराउन तथा दीर्घकालीन आर्थिक विकासका लागि आवश्यक पूर्वाधार निर्माण गर्न पर्याप्त राजस्व जुटाउन सक्छ, जसले अन्तत: जनताको जीवनस्तर उकास्न सहयोग पुर्‍याउँछ भन्ने वास्तविकतालाई विचार गरेर नेपालले मूल्य अभिवृद्धि कर विस्तृत आधारमा एकल दरले लगाउने नीतिलाई दीर्घकालसम्म अपनाइरहनुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# ७ वर्षमा सीमान्तकृतलाई ७०० भवन हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ बागमती प्रदेश सरकारले ७ वर्षयता मकवानपुर र चितवनका सीमान्तकृत चेपाङ, माझी र बोटे समुदायलाई ७०० भन्दा बढी घर बनाएर हस्तान्तरण गरिसकेको छ ।



जनता आवास कार्यक्रम अन्तर्गत् आव २०७५/७६ देखि हालसम्म मकवानपुर र चितवनका चेपाङ, माझी र बोटे समुदायलाई ७०७ वटा भवन हस्तान्तरण भएको हो । ९०९ घरपरिवारसँग घर निर्माणका लागि सम्झौता कार्यान्वयनको चरण अगाडि बढिसकेको सहरी विकास तथा भवन कार्यालय मकवानपुरका प्रमुख सिनियर डिभिजनल ईन्जिनियर भुपेन्द्र यादवले बताए । जसमध्ये ८८४ परिवारले पहिलो र दोस्रो किस्ता, ८७० घर परिवारले रकम बुझेर आवास भवन निर्माण गरिरहेका छन् ।

भवन निर्माण सम्पन्न भएपछि तेस्रो अर्थात अन्तिम किस्ता रकम दिने गरिएको छ । स्थानीय सरकार अर्थात पालिकाको सिफारिस र छनोटलाई मूलआधार बनाएर प्रदेश सरकारले आवासगृह निर्माण प्रक्रिया अघि बढाउने गर्छ । आवास निर्माणमा हालसम्म ३८ करोड ४३ लाख रुपैयाँ खर्च गरिसकेको प्रदेश सरकारले प्रतिघर परिवार ४ लाख रुपैयाँ उपलब्ध गराउने गरेको छ । घरप्रतिको अपनत्व जागृत गराउन लाभग्राहीले लागतको १० प्रतिशत श्रमदान गर्नुपर्ने जनता आवास कार्यक्रमको कार्यविधिमा व्यवस्था गरिएको छ ।

प्रदेश सरकारले सीमान्तकृत चेपाङ, वनकरिया, माझी, बोटे लगायत एकलमहिलाका लागि आवासगृह निर्माण गर्दै आएको छ । ईन्जिनियर यादवकाअनुसार सीमान्तकृत समुदायको अझै पनि शिक्षा, स्वास्थ्यप्रतिको चेतनास्तर कमजोर रहेको र बालविवाह, कुरीति, अन्धविश्वासमा जकेडिएकाले राज्यको मूलधारमा ल्याउन आवास विकास कार्यक्रम सञ्चालन गरिएको हो । ईन्जिनियर यादवकाअनुसार आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारले मकवानपुरमा २७९ र चितवनमा २२४ वटा घर निर्माण सम्पन्न गरी हस्तान्तरण गरेको थियो ।

यसका लागि प्रदेश सरकारले २० करोड १२ लाख रुपैयाँ खर्च गरेको छ भने चालु आर्थिक वर्ष ९४ वटा घर निर्माण भइरहेको छ । थप १०५ घर निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ । मनहरी गाउँपालिका मुसेधापमा रहेका लोपोन्मुख वनकरिया समुदाय जनता आवास कार्यक्रमवाट वर्षौंदेखि वन्चित रहँदै आएका छन् । आफ्नो स्वामित्वमा एक धुर जमिन नभएको र अहिले छाप्रो बनाएर बसिरहेको जमिन पर्सा राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रभित्र पर्छ । बफर जोनको कबुलियती वनको जग्गामा बसिरहेका वनकरियाको सम्झौता सकिएको छ ।

प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री डा. दिनेशचन्द्र देवकोटाका अनुसार आर्थिक वर्ष २०७५/७६ पछि संघ सरकारबाट जनता आवास कार्यक्रम प्रदेश सरकारमा हस्तान्तरण भएको हो । संघ सरकारबाट प्रदेशमा हस्तान्तरण भएपछि पनि ७०७ वटा आवासगृह निर्माण सम्पन्न गरिसकेको छ । 'परम्परागत र अनुत्पादक विकास मोडललाई परिवर्तन गरी एकीकृत बस्ती विकासमा जोड दिनुपर्छ । छरिएका योजना र साना आयोजनामा बजेट खर्चनुभन्दा रणनीतिक महत्वका क्षेत्रमा लगानी बढाउनु अहिलेको आवश्यकता हो,' मन्त्री देवकोटाले भने ।

बागमती प्रदेश सरकारले चितवनको माडीमा बसोबास गर्ने चेपाङ समुदायका ३९ परिवारका लागि पक्की घर निर्माण गरिदिने भएको छ । प्रदेश सरकारले चितवनको माडीमा छरिएर रहेका चेपाङ समुदायलाई एउटै स्थानमा एकीकृत बस्तीको अवधारणाअनुरुप ३९ वटा घर चालु आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने तयारी गरेको सहरी विकास तथा भवन कार्यालय मकवानपुरका प्रमुख ईन्जिनियर यादवले बताए ।

# हेटौंडामा 'नवोदय नमुना संयुक्त राष्ट्रसंघ-२०८३' आयोजना हुने




साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ हेटौंडास्थित नवोदय नमुना संयुक्त राष्ट्रसंघको आयोजनामा यही जेठ १५, १६ र १७ गते 'नवोदय मुन-२०८३' आयोजना हुने भएको छ । कार्यक्रमबारे जानकारी दिँदै आयोजकले यसवर्ष करिब २०० विद्यार्थीको सहभागिता रहने जनाएको छ ।

मोडेल युनाइटेड नेसन्स अर्थात् नमुना संयुक्त राष्ट्रसंघ एक शैक्षिक गतिविधि हो, जसमा विद्यार्थीले विभिन्न राष्ट्रका प्रतिनिधिको भूमिका निर्वाह गर्दै विश्वव्यापी सामाजिक, आर्थिक, सुरक्षा तथा मानवअधिकारसँग सम्बन्धित विषयमा छलफल गर्नेछन् । कार्यक्रमले वास्तविक संयुक्त राष्ट्रसंघको प्रक्रियालाई अनुकरण गर्दै सहभागीलाई कूटनीति, अन्तर्राष्ट्रिय सम्बन्ध, नेतृत्व तथा नीति निर्माणबारे व्यावहारिक अनुभव प्रदान गर्ने उद्देश्य राखेको आयोजकले जनाएको छ । कार्यक्रमअन्तर्गत विभिन्न अन्तर्राष्ट्रिय निकायका समितिहरु गठन गरिएका छन् । विश्व स्वास्थ्य संगठन अन्तर्गत 'विश्वव्यापी द्वन्द्वको अवस्थामा महामारी सामना गर्ने तयारी र स्वास्थ्य प्रणालीलाई सशक्त बनाउने' विषयमा छलफल हुनेछ । 'राज्य-प्रायोजित साइबर सञ्चालनको प्रतिकार', 'विश्व शिक्षा प्रणालीमा कृत्रिम बुद्धिमत्ताको नैतिक समावेशीकरण', 'बालबालिकाको अधिकार र समान पहुँच', 'डिजिटल युगमा श्रमको नैतिक अभ्यास', 'पर्यावरणीय सुशासन र दिगोपन', तथा 'युद्ध अपराध र मानवअधिकारसम्बन्धी जवाफदेहिता' विषयमा बहस गरिनेछ ।

प्रतिनिधिसभाअन्तर्गत 'नेपालमा लोकतान्त्रिक अधिकारको सुरक्षाका लागि समुदायको नेतृत्वमा शान्ति र वातावरण संरक्षणको सुदृढीकरण' विषयमा छलफल हुने जनाइएको छ । आयोजककाअनुसार कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थीमा नेतृत्व क्षमता, समालोचनात्मक सोच, सहकार्य, वादविवाद कला तथा व्यक्तित्व विकास गर्नु रहेको छ । तीन दिने कार्यक्रमअन्तर्गत् दोस्रो दिन साँझ 'सोसल नाइट' आयोजना गरिनेछ । साँझ ५:३० बजेदेखि ८ बजेसम्म सञ्चालन हुने यो कार्यक्रममा नृत्य, डिनर तथा अन्य मनोरञ्जनात्मक गतिविधि समावेश गरिने जनाइएको छ ।

कार्यक्रममा मकवानपुर बाल विद्यासदन, ज्ञानोदय बालबाटिका आवासीय मावि, जेम्स स्कुल, गौरी शिखर, जनप्रिय तथा कमाने एकेडेमी लगायत विद्यालयको सहभागिता रहनेछ । चितवन, नवलपरासी, काठमाडौं, सर्लाही, कास्की र धरानबाट समेत विद्यार्थी सहभागी हुने आयोजकले जनाएको छ । कार्यक्रमका महासचिव वृष्टि जयसवालले मुन कार्यक्रमले विद्यार्थीमा विश्व दृष्टिकोण विकास गर्दै अन्तर्राष्ट्रिय मुद्दाप्रति सचेत र जिम्मेवार नागरिक बन्न प्रेरित गर्ने विश्वास व्यक्त गरे ।

# हेटौंडा अस्पतालमा २९ हजार बिरामीले बैशाखमा सेवा लिए




साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको हेटौंडा अस्पतालले बैशाख महिनामा करिब २९ हजार बिरामीलाई विभिन्न स्वास्थ्य सेवा प्रदान गरेको जनाएको छ ।

अस्पतालले सार्वजनिक गरेको मासिक प्रतिवेदनअनुसार यो अवधिमा बाहिरङ्ग (ओपीडी) सेवामा २९ हजार ८०३ जना बिरामीले उपचार सेवा लिएका छन् भने भर्ना (आईपीडी) सेवा १ हजार १५४ जनाले लिएको अस्पताल व्यवस्थापन तथा सञ्चालन समितिका सदस्य उत्सव चौलागाईंले जानकारी दिएका छन् । आकस्मिक (इमर्जेन्सी) सेवामा ६ हजार ३० जना बिरामीको उपचार गरिएको छ । उनका अनुसार सामाजिक सेवा इकाइमार्फत् १५८ जनाले सेवा पाएका छन् भने हेमोडायलाइसिस सेवा १०२ जनालाई प्रदान गरिएको छ । शल्यक्रिया अन्तर्गत २१९ वटा जटिल (मेजर) र १०३ वटा सामान्य (माइनर) अपरेशन गरिएको अस्पतालले जनाएको छ ।

प्रसूति सेवातर्फ १३२ सामान्य, ३ भ्याकुम र ९६ सिजेरियन (सी/एस) डेलिभरी सम्पन्न भएका छन् । आईसीयूमा १०८ जना बिरामीको उपचार गरिएको छ । अस्पतालले विभिन्न परीक्षण सेवा पनि उल्लेखनीयरुपमा प्रदान गरेको छ । जसअनुसार इको ३१२, ईसीजी २ हजार ३४४, ट्रेडमिल २१, एमआरआई १५१, सिटी स्क्यान ५९४ एक्स-रे ६ हजार ६५७, प्रयोगशाला परीक्षण ९ हजार २९१ र अल्ट्रासाउन्ड ३ हजार २८० वटा गरिएको छ । सुरक्षित गर्भपतन सेवा ३६ जनालाई दिइएको छ ।

एन्डोस्कोपी सेवा ११ जनाले लिएका छन् । ज्येष्ठनागरिक सेवा अन्तर्गत १२३ जनाले सेवा लिएका छन् । स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत २७ हजार ८ सय ६८ जनाले सेवा लिएका छन् भने एआरभी सेवा ४५० जनालाई प्रदान गरिएको छ । इम्युनोग्लोबिन सेवा ५२ जनालाई दिइएको छ । ओसीएमसी सेवाअन्तर्गत २७ नयाँ र ७ फलोअप केस दर्ता भएका छन् ।

# *हेटौंडालाई आधुनिक सहर...*

यातायात सेवा डिजिटल बनाउँदै अटोमेटिक ड्राइभिङ टेस्ट ट्र्याक सञ्चालन गरिने तथा अधिकांश यातायात सेवा जिल्लास्तर मै उपलब्ध गराइने भएको छ । युवा सूचना व्यवस्थापन प्रणाली सञ्चालन गरिने तथा वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमशीलतामा जोडिने कार्यक्रम ल्याइने भएको छ । भरतपुरको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, ललितपुरको गोदावरी रंगशाला तथा हेटौंडाको गौरीटार खेलकुद पूर्वाधारलाई उच्च प्राथमिकतामा राखिएको छ ।

पर्यटन प्रवर्द्धनका लागि 'घुमौं बागमती, बुझौं संस्कृति' अभियान सञ्चालन गरिने भएको छ । प्रदेशका ६६ वटै निर्वाचन क्षेत्रमा एक प्रमुख पर्यटकीय गन्तव्य विकास गर्ने नीति लिइएको छ । चितवनलाई माइस पर्यटन केन्द्रका रुपमा विकास गरिने तथा योग, ध्यान, जंगलसफारी, साइक्लिङ र म्याराथन जस्ता साहसिक पर्यटन कार्यक्रम सञ्चालन गरिने भएको छ ।

स्वास्थ्यतर्फ डिजिटल स्वास्थ्य प्रणाली, टेलिमेडिसिन तथा विशेषज्ञ सेवा विस्तार गरिने भएको छ । जोखिमयुक्त गर्भवती तथा सुत्केरी महिलाको नि:शुल्क हवाई उद्दार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

प्रदेश अस्पतालमा क्यान्सर, मुटु, डायलाइसिस र मानसिक स्वास्थ्यसेवाको पहुँच विस्तार गरिने नीति पनि कार्यक्रममा समावेश छ । शिक्षातर्फ अनिवार्य तथा नि:शुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, स्टिम तथा आइटी विद्यालय कार्यक्रम, विद्यार्थी ह्याकाथन र आइटी स्किल फेलोसिप कार्यक्रम सञ्चालन गरिने भएको छ । महिला, बालबालिका, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको संरक्षण र सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ । महिला हिंसापीडितका लागि पुनर्स्थापना केन्द्र, सुरक्षित आवास तथा मनोसामाजिक परामर्श सेवा विस्तार गरिनेछ ।

सहकारीक्षेत्रलाई पारदर्शी र विश्वसनीय बनाउन प्रभावकारी नियमन र अभिलेख प्रणाली सुदृढ गरिने भएको छ । समस्याग्रस्त सहकारीका लागि 'बागमती प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समिति' लाई प्रभावकारी बनाइने उल्लेख छ । 'हरियो वन समृद्धिको साधन' अवधारणाअनुसार वनपैदावरमा आधारित उद्यम, हरित रोजगारी, जडीबुटी तथा काष्ठ उत्पादन प्रवर्द्धन गरिनेछ । सालकलाई प्रदेशको गौरवको प्राणीकारुपमा संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने नीति प्रदेशप्रमुख देवकोटाले बताए ।

प्रदेश सरकारले जलवायु परिवर्तन न्यूनीकरणका लागि रेड प्लस कार्यक्रम, हरित वित्तनीति तथा जैविक इन्जिनियरिङ प्रविधिमा आधारित वातावरणीय कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ । नीति तथा कार्यक्रममाथि जेठ १८ गतेदेखि प्रदेशसभा बैठकमा छलफल हुने उपसभामुख अप्सार चापागाईले बताइन् ।

### *प्रदेशबासीले आशा गर्ने ठाउँ छैन: प्रतिपक्षी दल*

नीति तथा कार्यक्रममाथि प्रतिक्रिया दिँदै प्रमुखप्रतिपक्षी दल नेकपाका प्रमुखसचेतक रत्न ढकालले प्रदेशबासीले नीति तथा कार्यक्रमबाट आशा गर्ने ठाउँ नभएको बताए । विगतमा शालिकराम जम्कट्टेल नेतृत्वको सरकारकै कार्यक्रम कपी पेस्ट गरेकोमा उनले सरकारलाई धन्यवाद दिए । सरकारको नीति र कार्यक्रम नै फरकफरक रहेकोले बजेट सो अनुसार नआउनेमा आशंका रहेको उनले बताए । ढकालले प्रदेश सरकारको कार्यक्रम कर्मकाण्डी मात्रै रहेको प्रतिक्रिया दिए ।

त्यसैगरी राप्रपाका संसदीय दलका नेता उद्धव थापाले नीति, कार्यक्रम सुन्दा राम्रो लागेपनि कार्यान्वयन पक्षमा चुनौती रहेको बताए । यसलाई सम्बोधन हुने गरी बजेट कस्तो आउँछ त्यो भने हेर्न बाँकी रहेको उनको भनाई छ ।

# श्रीमानको कुटपिटबाट श्रीमतीको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/हेटौंडा उपमहानगरपालिका-१ चौकीटोल तरकारी मण्डीस्थित डेरामा श्रीमानको कुटपिटबाट एक महिलाको मृत्यु भएको छ ।

श्रीमानको कुटपिटबाट मनहरी गाउँपालिका निवासी ४२ वर्षीय ओमकुमारी भुजेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मंगलबार बिहान करिब १०:३० बजे मनहरी गाउँपालिका-३ घरभइ हाल हेटौंडा-१ बस्दै आएका ४५ वर्षीय रामलाल ब्लोनले आफ्नी श्रीमती ४२ वर्षीया भुजेललाई कुटपिट गरी गम्भीर घाइते बनाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायवउपरीक्षक माधव काफ्लेले जानकारी दिए ।

उनका अनुसार घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरीचौकी चौकीटोलबाट खटिएको टोलीले घाइते भुजेललाई उद्दार गरी उपचारका लागि हेटौंडा अस्पताल पुऱ्याएको थियो ।

उपचारकै क्रममा बिहान ११ बजे चिकित्सकले उनलाई मृत घोषणा गरेका हुन् । प्रहरीकाअनुसार मृतकको मुख, दुवै हातखुट्टा तथा ढाडमा निलडाम चोट देखिएको छ । कुटपिटमा संलग्न श्रीमान रामलाल ब्लोनलाई प्रहरीले नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखेर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# ४ नं. वडा कार्यालयद्वारा २० जना विपन्नलाई नि:शुल्क पढाइने

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ हेटौंडा-४ नं. वडा कार्यालयद्वारा विद्यालयसँगको सहकार्यमा २० जना विपन्न विद्यार्थीलाई नि:शुल्क पढाइने भएको छ ।

४ नं. वडा कार्यालय, भुटनदेवी मावि र आधुनिक राष्ट्रिय मावि, हेटौंडा-४ बीच शैक्षिक वर्ष २०८३ देखि निरन्तर लागू हुनेगरी यस्तो सम्झौता भएको हो । सम्झौता पत्रमा वडा नं. ४ का अध्यक्ष नवीन सिग्देल, वडासचिव रामप्रसाद गुरागाईं, भुटनदेवी माविका तर्फबाट प्रधानाध्यापक सूर्यप्रसाद घिमिरे तथा आधुनिक राष्ट्रिय माविका तर्फबाट प्रअ रामसागर गुरागाईंले हस्ताक्षर गरेका छन् । सम्झौतापत्रमा छात्रवृत्तिका मापदण्डअन्तर्गत अतिविपन्न, दलित, सीमान्तकृत, द्वन्द्वपीडित, भूमिहीन, अभिभावकविहीन, सडक बालबालिका तथा विशेष प्राथमिकताका क्षेत्र अन्तर्गत विद्यालयले सञ्चालन गर्ने खेलकुद र अतिरिक्त क्रियाकलापमा उत्कृष्टता हासिल गर्ने छात्र/छात्रालाई समेटिएको छ ।

दुवै विद्यालयमा १०/१० जना कक्षा ११ र १२ का विद्यार्थीलाई ६ महिनासम्मको मासिक सहयोग शुल्क तथा भर्ना शुल्क वडा कार्यालयबाट व्यहोर्ने र विद्यालयले ६ महिनाको मासिक शुल्क छुट दिने सम्झौता पत्रमा उल्लेख गरिएको छ । यो कार्यक्रम यही शैक्षिक वर्ष २०८३ देखि कार्यान्वयनमा ल्याइने तथा प्रत्येक शैक्षिक वर्षको सुरुवातसँगै नवीकरण गरिने सम्झौतामा उल्लेख छ । आर्थिक अभावका कारण विद्यार्थी पढाइबाट वञ्चित नहून् भन्ने मुख्य उद्देश्यले पूर्णरुपमा नि:शुल्क छात्रवृत्तिको व्यवस्था गरिएको वडा नं. ४ का अध्यक्ष सिग्देलले बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com




भर्ना खुल्यो! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY
SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त ३० वर्ष देखि संचालित यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८३/०८४ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।
भर्ना हुने कार्यक्रमहरु
PCL General Medicine (HA)
PCL Lab Technology
PCL Radiography
PCL Physiotherapy
CTEVT को प्रवेश परिक्षा उत्तीर्ण विद्यार्थीहरु यस इन्ष्टिच्यूट मा भर्ना हुन सक्ने छन
फारम वितरण मिति: २०८३/०१/२९ गते मंगलबार देखि
फारम बुझाउने अन्तिम मिति: २०८३।०२।१३ गते बुधबार बेलुका ४:३० सम्म
मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

# काठमाडौं-तराई/मधेश द्रुतमार्ग भौतिक प्रगति ४७ दशमलव ५६ प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ नेपालको पूर्वाधार विकासको इतिहासमै सबैभन्दा महत्वाकांक्षी तथा रणनीतिक महत्व बोकेको काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) को हालसम्मको भौतिक प्रगति ४७ दशमलव ५६ प्रतिशत पुगेको छ ।

राजधानी काठमाडौंलाई तराईसँग छोटो दूरीमा जोड्ने यो राष्ट्रिय गौरवको आयोजनाको वित्तीय प्रगति भने ४८ दशमलव ४५ प्रतिशत रहेको नेपाली सेनाका प्रवक्ता सहायकरथी राजाराम बस्नेतले जानकारी दिए । कुल ७० दशमलव ९७७ किलोमिटर लम्बाइ रहेको आयोजनाको परिमार्जित लागत दुई खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ रहेको छ । प्रारम्भिक लागतभन्दा दुई अर्ब दुई करोड रुपैयाँ घटाइएको हो । हालसम्म आयोजनामा ८६ अर्ब ८६ करोड रुपैयाँ खर्च भइसकेको छ ।

एशियन हाइवे डिजाइन स्ट्यान्डर्ड 'प्राइमरी क्लास ए' अनुसार निर्माण भइरहेको यस आयोजनामा सात स्थानमा सुरुङमार्ग निर्माणकार्य जारी छ । सुरुङको कुल लम्बाइ १० दशमलव ९७९ किलोमिटर रहेको छ भने दुईतर्फी लम्बाइ २१ दशमलव ९५८ किलोमिटर रहेको छ । हरेका तीन सय मिटरको दूरीमा एकबाट अर्को सुरुङमा आपतकालीन अवस्थामा जानका लागि क्रस प्यासेज पनि बनाइएको छ । आयोजनाअन्तर्गत् देवीचौर, सिसौटार, चन्द्रामभिर, महादेवडाँडा र मौरीभिरमा सुरुङमार्ग निर्माण भइरहेको छ । धेद्रे र लेनडाँडामा भने एकवर्ष अघि 'ब्रेकथ्रु' भइसकेको छ ।



हालसम्म ६ दशमलव ४ किलोमिटर सुरुङ खन्ने कार्य सम्पन्न भइसकेको छ । सबैभन्दा लामो ३ दशमलव ४ किलोमिटरको महादेवडाँडा सुरुङ यसै आर्थिक वर्षको असार मसान्तभित्र 'ब्रेकथ्रु' गर्ने योजनासहित निर्माणकार्य अघि बढाइएको छ । ४ किलोमिटर सुरुङको 'लाइनिङ' कार्यसमेत सम्पन्न भइसकेको छ । त्यसैगरी आयोजनाअन्तर्गत जम्मा ८९ स्थानमा पुल निर्माण हुनेछ । त्योमध्ये ८५ स्थानमा पुल निर्माणकार्य भइरहेको छ । पुलको दुईतर्फी कुल लम्बाइ २५ दशमलव ७७ किलोमिटर रहेको छ । हालसम्म ३८ स्थानका पुलको सब-स्ट्रक्चर तथा १६ स्थानका पुलको सुपर-स्ट्रक्चर निर्माण सम्पन्न भइसकेको छ ।

खोकना खण्डमा पर्ने बाँकी चारस्थानका पुलमा भने जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको छ । सडक निर्माणतर्फ ४७ दशमलव ११३ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ भने सात किलोमिटर सर्भिस लेन कालोपत्रे गरिएको छ । आयोजनाअन्तर्गत खोकना, बुदुने र निजगढमा गरी तीनवटा इन्टरचेन्ज, बुङमती, बुदुने र निजगढमा तीन वटा टोल प्लाजा तथा दुईवटा विश्रामस्थल निर्माण गरिनेछ । ठूला पुल, वाल प्रोटेक्शन तथा जटिल संरचनालगायत अधिकांश काम सम्पन्न भइसकेकाले अब बाँकी निर्माणकार्य तुलनात्मक रुपमा सहज हुने आयोजना प्रमुख, नेपाली सेनाका उपरथी धर्मेन्द्रकुमार झाले बताए ।

भौगोलिक बनावट, विपद्ले पुऱ्याउने क्षति, जग्गा प्राप्तिको समस्या तथा 'राइट अफ वे' सम्बन्धी विवादका कारण आयोजनाको प्रगति अपेक्षाअनुसार हुन नसकेको उनको भनाई छ । २०७४ साल वैशाखमा मन्त्रिपरिषद्को निर्णयबाट द्रुतमार्ग निर्माण व्यवस्थापनको जिम्मा नेपाली सेनालाई दिइएको थियो । २०७६ सालमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) स्वीकृत भएको थियो । २०७७ साल जेठमा अन्तर्राष्ट्रिय परामर्शदातासँग सम्झौता गरी २०७८ जेठबाट नेपाली सेनाले कार्यारम्भ गरेको हो । द्रुतमार्ग सञ्चालनमा आएपछि काठमाडौंलाई मधेश तथा भारतीय नाकासँग सीधा र द्रुत पहुँच दिने भएकाले व्यापारिक गतिविधि वृद्धि हुने विश्वास गरिएको छ ।

आयोजना निर्माणकै चरणमा हजारौंले रोजगारी पाएका छन् । यही चैत मसान्तसम्म आयोजना सम्पन्न गर्ने लक्ष्य भएपनि खोकनामा देखिएको विवादका कारण प्रस्थान बिन्दूमा निर्माणकार्य सुरु हुन सकेको छैन ।

खोकनाक्षेत्रको विवाद समाधान भई ठेक्काप्रक्रिया अघि बढ्ने समयसम्म अन्य स्थानको काम पनि सम्पन्न हुने नेपाली सेनाले जनाएको छ । द्रुतमार्ग सञ्चालनमा आएपछि काठमाडौं-निजगढ यात्रा करिब एक घण्टा तथा हेटौंडा-काठमाडौं यात्रा करिब ३० मिनेटमा सीमित हुने अपेक्षा गरिएको छ ।

# बजेटसम्बन्धी छलफल तथा अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/नेकपा (एमाले) बागमती प्रदेश संसदीयदलको आयोजनामा हेटौंडामा प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याउने बजेटसम्बन्धी छलफल तथा अन्तर क्रिया भएको छ । कार्यक्रममा प्रदेशको समग्र विकास, जनअपेक्षा अनुसारको बजेट निर्माण, उत्पादन र रोजगारी अभिवृद्धि, पूर्वाधार विकास तथा सुशासनका विषयमा व्यापक छलफल भएको हो ।

कार्यक्रममा पार्टीका सचिव तथा बागमती प्रदेशइन्चार्ज राजन भट्टराईले पार्टीभित्र नेतृत्वमाथि विभिन्न कोणबाट निरन्तर प्रहार भइरहे पनि सम्पूर्ण नेता तथा कार्यकर्ता एकताबद्ध भएर अघि बढ्नुपर्ने बताए । उनले अहिलेको राजनीतिक परिस्थितिमा पार्टीएकता, संगठनात्मक मजबुती र जनतासँगको सम्बन्ध थप सुदृढ बनाउन आवश्यक रहेको उल्लेख गरेका छन् । उनले आगामी बजेट जनताको आवश्यकता, उत्पादनवृद्धि, कृषिप्रवर्द्धन, शिक्षा, स्वास्थ्य तथा रोजगारी सिर्जनालाई केन्द्रमा राखेर ल्याउनुपर्ने धारणा राखे ।

पार्टीका सचिव महेश बस्नेतले पार्टी अध्यक्ष तथा पार्टीमाथि भइरहेका विभिन्न प्रकारका षड्यन्त्रलाई एकताबद्ध भएर सामना गर्नुपर्ने बताएका छन् । उनले पार्टीभित्रको एकता, अनुशासन र सक्रियताले मात्रै राजनीतिक चुनौती सामना गर्न सकिने उल्लेख गर्दै विकास र समृद्धिको यात्रामा सबै एकजुट हुनुपर्ने बताए । उनले प्रदेश सरकारको आगामी बजेट विकास निर्माण, जनजीविका सुधार, उद्योग, पर्यटन, कृषि तथा युवालक्षित कार्यक्रममुखी हुनुपर्नेमा जोडदिए । कार्यक्रममा बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले प्रदेशको समग्र विकासका लागि नीति तथा कार्यक्रम र बजेट जनमुखी, उत्पादनमुखी तथा परिणाममुखी हुनुपर्ने बताए ।

उनले कृषि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर प्रदेशको आर्थिक समृद्धि हासिल गर्न सकिने उल्लेख गरे । उनले जनताको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने योजना तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै सुशासन, पारदर्शिता र उत्तर दायित्वसहित विकास निर्माणका कामलाई तीव्रता दिन आवश्यक रहेको बताए । उनले प्रदेश सरकार, जनप्रतिनिधि, कर्मचारी तथा आमजनताको सहकार्यबाट मात्रै समृद्ध बागमती प्रदेश निर्माण सम्भव हुने धारणा व्यक्त गरे । उनले सोहि अनुसार बजेट निर्माण गर्न दलका तर्फबाट मन्त्री भएका नेताहरुलाई निर्देशन दिए ।

कार्यक्रममा सहभागी जिल्लाध्यक्षले आआफ्ना जिल्लाको आवश्यकता, सम्भावना र विकासका प्राथमिकताका विषयमा धारणा राखेका थिए । उनीहरुले बजेट विनियोजन गर्दा जिल्लाको वास्तविक आवश्यकता पहिचान गरी योजनाबद्ध रुपमा अघि बढ्नुपर्ने सुझाव दिए । एमाले काठमाडौं अध्यक्ष दीपक निरौला, मकवानपुर अध्यक्ष हिदम लामा, चितवन अध्यक्ष कमल पाठक, सिन्धुपाल्चोक अध्यक्ष होम नारायण श्रेष्ठ, रामेछाप अध्यक्ष पुरुषोत्तम कडरिया, धादिङ अध्यक्ष अर्जुन श्रेष्ठ, दोलखा अध्यक्ष नर श्रेष्ठ तथा काभ्रे अध्यक्ष राजन भुर्तेलले जिल्लाको आवश्यकता र जनताको अपेक्षाअनुसार सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा रोजगारीका क्षेत्रमा बजेट केन्द्रित गर्नुपर्ने धारणा व्यक्त गरे ।

कार्यक्रममा नारायण सिलवाल तथा पार्टीका केन्द्रीय सदस्य माधव ढुङ्गेलको उपस्थिति रहेको थियो । उनीहरुले प्रदेश सरकारले जनअपेक्षाअनुसार परिणाममुखी योजना तथा कार्यक्रम ल्याउनुपर्ने र विकास निर्माणका कामलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्ने धारणा राखे । कार्यक्रमको सञ्चालन प्रमुखसचेतक एकालाल श्रेष्ठले गरेका थिए । कार्यक्रममा प्रदेशसभा सदस्य, पार्टीका विभिन्न तहका नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

# हेटौंडा-६ मा रहेको पिसपार्क सरसफाइ



साझाकुरा संवाददाता

हेटौंडा, १२ जेठ/ हेटौंडा-६ शान्तिटोलमा रहेको विपी गणेशमान स्मृति शान्तिपार्क सर सफाइ गरिएको छ ।

सवडिभिजन वन कार्यालय, हेटौंडाको आयोजना र रानी सामुदायिक वन उपभोक्ता समूह, चौघडाको समन्वयमा सरसफाइ गरिएको हो । सरसफाइ कार्यक्रममा सवडिभिजन वन कार्यालय हेटौंडाका वनअधिकृत बच्चुराम सुवेदीले सार्वजनिकस्थलको सरसफाइमा सबैको सहयोग आवश्यक पर्ने बताए । उनले यस आवमा सवडिभिजनअन्तरगत ५ वटा सार्वजनिक स्थलमा सरसफाइ गरिने बताए । कार्यक्रममा समूहकी सचिव अमुना सापकोटाले उपस्थित सबैलाई धन्यवाद दिँदै सार्वजनिक स्थलको सर सफाइ गर्नु हामी सबैको कर्तब्य भएको बताइन् ।

सरसफाइमा समूहका पदाधिकारी, लेखासमिति, सल्लाहकार, वनकर्मचारी, उपभोक्तालगायतको सहभागिता थियो । समूहको ब्लक नं ६ मा रहेको पिसपार्क आन्तरिक तथा बाह्य पर्यटक आकर्षक गर्ने उद्देश्यले स्थापना गरिएको हो ।





"सफा ट्यांकी, स्वस्थ जिन्दगी"

तपाईको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?

कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?

याद गर्नुहोस् है

हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।

- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,

साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।



अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौं, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।

छत/भूमिगत पानी ट्यांकी सफाई सेवा


थप जानकारीको लागि

इनर्जेटिक सर्भिसिज प्रा.लि.

९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक, हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना